फोन नं. ९८०१४५१७४१,

# सन्दकपुर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## मावुमोड, देउराली, इलाम, १ नं. प्रदेश, नेपाल
### आन्तरिक आय संकलन सम्बन्धि ठेक्का आव्हावानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/०४/१७

यस सन्दकपुर गाउँपालिकाको आ.व. २०७८/०७९ को आन्तरिक आय संकलनका लागि तपशिल बमोजिमको ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरु बाट देहाय बमोजिमको शर्तको अधिनमा रही ठेक्का आहवान गरिन्छ ।

तपशिलः

| ठेक्का नं. | विवरण | न्युनतम ठेक्का रकम रु (मुल्य अभिवृद्धि कर बाहेक) | फारम दस्तुर रु. |
|---|---|---|---|
| १/२०७८/०७९ | दैनिक हाटबजार कर,सडक मर्मत सम्भार दस्तुर,पर्यटन शुल्क, निकासी तथा अन्य नगदी (कर) | ३५,००,०००।- (रु.पैतिस लाख मात्र) | १,५००।- |

शर्तहरु:

१.दरभाउपत्र फारम सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र निवेदनका साथ तल उल्लेखित दस्तुर ( फिर्ता नहुने गरी ) श्री प्रभु बैंक लिमिटेड,देउरालीको खाता नम्बर १६४०११००१००००१०३ मा जम्मा गरि इच्छुक दरभाउपत्र दाताले यस कार्यालयबाट मिति २०७८/०४/३१गते भित्र कार्यालय समय सम्म दरभाउपत्र कागजत खरिद गर्न सकिने छ ।

२.खरिद भएको दरभाउपत्र फारम सिलबन्दी गरी खाम बाहिर आफ्नो वा फर्मको नाम,ठेगाना,ठेक्का नं. र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७८/०४/३२ गतेको दिन १२ बजे भित्र दर्ता गरीसक्नु पर्नेछ ।

३.खरिद भएको बोलपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०७८/०४/३२ गते दिनको २ बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन ।

४.दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन विदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५.उल्लेखित बोलपत्रहरु फर्मको नाममा खरिद गरिएको भए फर्म नविकरणको प्रमाणित प्रतिलिपि,स्थानीय फर्मको हकमा गाउँपालिकामा दर्ता भएको ब्यवसाय कर प्रमाण पत्रको नविकरण प्रतिलिपि,मूल्य अभिबृद्धि कर दर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि समावेश गर्नुपर्नेछ ।

क्रमशः